नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. : ९७७-१-४२११९९०
फ्याक्स नं. : ९७७-१-४२००३७५

प.सं. :- क.प्र.२.१.१७/२०७५/७६

च.नं. :- 3282

मिति २०७६।०३।११

विषयः कार्यसम्पादन मूल्याङ्कनलाई सम्पादित कामसँग आवद्धता गरी मूल्याङ्कन गर्ने सम्बन्धमा ।

श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर।
श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र , सानोठिमी, भक्तपुर : कार्यान्वयन गर्नु/गराउनुहुन।
श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर।
श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर: कार्यान्वयन गर्नु/गराउनुहुन।
श्री राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर ।
श्री केसर पुस्तकालय, केसरमहल, काठमाण्डौ।
श्री विद्यालय शिक्षक किताबखाना म्युजियममार्ग छाउनी, काठमाण्डौ ।
श्री प्राविधिक तथा व्यावसायिक तालिम परिषद् , सानोठिमी, भक्तपुर।
श्री सबै महाशाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।

प्रस्तुत विषयमा श्रीमान् मुख्य सचिवज्यूबाट मिति २०७६।०३।०२ मा जारी भएको कार्यसम्पादन मूल्याङ्कनलाई सम्पादित कामसँग आवद्धता गरी मूल्याङ्कन गर्ने सम्बन्धमा यस मन्त्रालयमा मिति २०७६।०३।११ मा प्राप्त निर्देशनको प्रतिलिपी पाना २ यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा यस मन्त्रालयको मिति २०७६।०३।११ को निर्णयानुसार अनुरोध छ ।

बोधार्थ
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा,
संलग्न निर्देशनको प्रतिलिपी सहित पत्र यस मन्त्रालयको वेभमा अपलोड गरिदिनहुन ।

३।११

एकराज आचार्य
शाखा अधिकृत

Scanned by TapScanner

३५९५०० / ३१९०

काठमाडौं, नेपाल

मुख्य सचिव च.न. ७२/१५३४६

२ असार, २०७६

विषय: कार्यसम्पादन मूल्याङ्कनलाई सम्पादित कामसँग आवद्ध गरी मूल्याङ्कन गर्ने सम्बन्धमा ।

म.दा. ४००१ / ३१६

श्री सचिव (शिक्षा),
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार ।

कार्यालयको कार्यसम्पादनस्तर कमजोर रहँदा समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको अङ्क उच्च रहने विरोधाभाषपूर्ण अवस्थालाई अन्त्य गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अवलम्वन गर्ने नेपाल सरकारको नीति रहेको छ । निजामती सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने सम्वन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ७८ग. को उपनियम (१) मा रहेको कार्यसम्पादन मूल्याङ्कनका आधारहरुबारे यहाँलाई अवगत नै छ । निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ एवम् यथार्थपरक बनाइ तोकिएको लक्ष्य हासिल गर्न निजामती सेवा नियमावलीको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुका साथै देहाय बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।

१) कार्यसम्पादन सम्झौता गरेका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सो सम्झौतामा उल्लिखित लक्ष्य र त्यसमा हासिल भएको प्रगति, कार्यालयको समग्र कार्य सम्पादनको स्तर तथा कार्यविवरणलाई आधार लिई कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

२) कार्यसम्पादन सम्झौता नगरिएको तर वार्षिक लक्ष्य तोकिएको हकमा उक्त निकायमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा निजको कार्यविवरण, चालु आ.व. को लागि निर्धारित लक्ष्य र त्यसको प्रगति समेत तुलना गरी कार्यसम्पादन मूल्याङ्कन गर्ने ।

३) कार्यसम्पादन मूल्याङ्कन गर्दा संगठनको समग्र कार्य सम्पादनको अवस्था, सेवा प्रवाहमा गरिएको सुधार, कुनै नवप्रवर्तनीय काम गरेको भए सोको प्रगति, पूँजीगत खर्च लगायत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था, भौतिक उपलब्धि, बेरुजु फर्छ्यौट र वित्तीय अनुशासन तथा गत वर्षको तुलनामा हासिल भएको प्रगति समेतलाई आधार लिने ।

श्री प्रशासन महाशाखा
सार्वजनिक निकायहरुमा सर्कुलर पठाउने ।
२०७६/०३/०५

Scanned by TapScanner

कार्यालय: मुख्य सचिव

काठमाडौं, नेपाल

४) कार्यसम्पादन मूल्याङ्कन गर्दा उल्लिखित विषयवस्तुलाई आधार लिए/नलिएको सम्बन्धमा सुपरिवेक्षकको मूल्याङ्कनलाई पुनरावलोकनकर्ता तथा पुनरावलोकनकर्ताको मूल्याङ्कनलाई पुनरावलोकन समिति वा सम्बन्धित माथिल्लो अधिकारीले अनुगमन गर्ने ।

५) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ७८ग. को उपनियम (३) को व्यवस्था बमोजिम गर्ने ।

६) निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम (४) अनुसारको पुनरावलोकन समितिबाट राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा उपर्युक्त विषयवस्तुलाई आधार लिइने ।

(लोकदर्शन रेग्मी)

Scanned by TapScanner